२०७५ साल माघ १४ गते बसेको लुङ्ग्री गाउँपालिकाको बैठकमा छलफल भई पारित भएको निर्णय ।

प्रस्ताव नं १ :

रोल्पा महोत्सवको तयारि सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त ब्यहोरा :

रोल्पा जिल्लाको समग्र विकासलाई अगाडी बढाउने उद्धेश्यका साथ यहि मिति २०७५ माघ १८ गते देखि सुनिल स्मृति गाउँपालिकाको सुलिचौर बजार क्षेत्रमा हुन लागेको दोश्रो रोल्पा महोत्सवमा यस गाउँपालिकाको तर्फबाट सक्रिय सहभागिता जनाई महोत्सवलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने ।

हुनुपर्ने निर्णय :

महोत्सवलाई सफलतापूर्वक सम्पन्न गर्न गाउँपालिकाको तर्फबाट तपसिल बमोजिमका कार्यहरु गर्ने ।

तपसिल:

१. महोत्सव उदघाटनका दिन गाउँपालिकाको तर्फबाट झाकी स्वरुप नाच तथा बाजाको ब्यवस्था गर्ने र प्रति नाच तथा बाजालाई रु १०००० उपलब्ध गराउने । साथै उक्त दिन विभिन्न ब्यानर सहित जनप्रतिनिधि, कर्मचारी, आमा समूह ,स्वयंसेविका, विभिन्न संघ संथा तथा क्लब, शिक्षक, विद्यार्थी समेत झाकीमा सहभागी गराउने ।

२. महोत्सवमा आयोजना गरिने भलिबल खेल प्रतियोगितामा गाउँपालिकाको तर्फबाट महिला तथा पुरुष टिम बनाई प्रशिक्षित गरि प्रतियोगितामा सामेल गराउने र खेलाडीका लागि पोशाक तथा खान खाजा लगायतको खर्च गाउँपालिकाले गर्ने ।

३. महोत्सव आयोजकले गाउँपालिकलाई निशुल्क उपलब्ध गराउने स्टल बाहेक थप स्टल आवस्यक परेमा सशुल्क स्टल समेत लिने ।

४. महोत्सव मेलामा कृषि प्रदर्शनी स्टल, स्थानीय खानको परिकार स्टल तथा स्थानीय उत्पादन बिक्रि वितरण स्टल गाउँपालिकाको तर्फबाट राख्ने ।

५. महोत्सव सफलताका लागि स्टल सचालन, खेलकुद परिचालन लगायतका कार्यहरु गर्न जनप्रतिनिधि तथा कर्मचारीहरु सक्रिय रुपमा खट्ने ।

निर्णय :

प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

प्रस्ताब नं २ :

दरबन्दी बाहेकका कर्मचारी ज्यालादारी तथा करारमा नराख्ने भनि आएको पत्र सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त ब्यहोरा :

स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको ब्यवस्था बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पठाएको मिति २०७५/१०/०१ च.नं. ३०७१ को पत्र कार्यान्वयन गर्न आवस्यक रहेको ।

हुनुपर्ने निर्णय :

यस गाउँपालिकाका विभिन्न वडा तथा स्वास्थ्य चौकीमा कार्यालय सहयोगी बाहेक दरबन्दी बाहिरका ज्यालादारी तथा करारमा काम गर्दै आएका कर्मचारीको अब म्याद नथप्ने साथै कार्यपालिकाको मिति २०७५ पौष १५ गतेको बैठकले विभिन्न नया स्वास्थ्य केन्द्रको दरबन्दी सृजना गरि बिज्ञापनबाट पदपूर्ति गर्ने भनि गरिएको निर्णय समेत कार्यान्वयन नगर्ने ।

निर्णय :

प्रस्तावमा लेखिए बमोजिम गर्ने ।